# लुम्बिनी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०४५।३।६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस आदेशको नाम "लुम्बिनी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले लुम्बिनी अञ्चल अस्पताल सम्झनुपर्छ ।

३. **समितिको गठनः**

३.१ लुम्बिनी अञ्चल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

[▽]३.२ उपदफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः-

३.२.१ नेपाल सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट मनोनीत व्यक्ति - अध्यक्ष

३.२.२ सभापति, जिल्ला विकास समिति, रूपन्देही - सदस्य

३.२.३ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रूपन्देही - सदस्य

३.२.४ प्रमुख, बुटवल नगरपालिका - सदस्य

३,२.५ नेपाल सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट मनोनीत दुईजना - सदस्य

३.२.६ समितिको सिफारिसमा नेपाल सरकारद्वारा मनोनीतः

(क) विशेषज्ञ डाक्टरहरूमध्येबाट दुईजना - सदस्य

[▽] २०५१ चैत्र २० गतेको राजपत्रद्वारा हेरफेर ।



नेपाल कानून आयोग

(ख) मेडिकल अधिकृतहरूमध्येबाट एकजना - सदस्य

(ग) पारामेडिकल तथा नर्सिङ स्टाफहरूमध्येबाट क्रम अनुसार एक-एक वर्षको लागि पालो-पालो गरी एकजना -सदस्य

३.२.७ मेडिकल सुपरिन्टेन्डेन्ट, लुम्बिनी अञ्चल अस्पताल -सदस्य सचिव

◊३.३ उपदफा ३.२.१, ३.२.३ र ३.२.४ बमोजिमका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

३.४ नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थप-घट गर्न वा हेरफेर गर्न सक्नेछ ।

३.५ समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः**

४.१ विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सा स्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तब्य हुनेछ ।

४.२ उपदफा ४.१ मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः-

४.२.१ अस्पतालको विकास सम्बन्धमा व्यवस्था गर्ने ।

४.२.२ अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

४.२.३ अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

४.२.४ अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नै स्रोतबाट तलव भत्ता दिने गरी करार सेवामा नियुक्त गर्ने ।

नेपाल कानून आयोग

---

◊ उपदफा ३.२.३ र ३.२.४ को सट्टा ३.२.५ र ३.२.६ हुने गरी संशोधन भएको नदेखिएको ।

४.२.५ नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

४.२.६ बालस्वास्थ्य तालीम कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

४.२.७ बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

४.२.८ निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

४.२.९ अस्पताल सञ्चालनसँग सम्बन्धित विषयमा समितिले सिफारिस गरेका उम्मेदवारहरूलाई उच्च तालीमको निमित्त ग्राह्यता दिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

४.२.१० अस्पतालको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

४.२.११ उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

५. **<u>समितिको बैठक र निर्णयः</u>**

५.१ समितिको बैठक समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

५.२ समितिका एक-तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

५.३ समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले आवश्यकता अनुसार समितिको बैठक बोलाउन सक्नेछ ।

५.४ समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५.५ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

५.६ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

५.७ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.८ समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।



नेपाल कानून आयोग

५.९ कम्तीमा वर्षको तीन पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. **समितिको कोषः**

६.१ समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछः-

६.१.१ नेपाल सरकारबाट अस्पतालका कर्मचारीको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।

६.१.२ नेपाल सरकारबाट अस्पताल सञ्चालनको लागि प्राप्त अनुदान रकम ।

६.१.३ अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

६.१.४ अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

६.१.५ विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।

६.१.६ अन्य स्रोतबाट प्राप्त रकम ।

६.२ नेपाल सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

६.३ समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. **लेखापरीक्षणः**

७.१ समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित कानुनबमोजिम हुनेछ ।

७.३ नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जचाउन सक्नेछ ।

८. **कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः**

८.१ अस्पतालको दरबन्दीमा काम गरिरहेका नेपाल सरकारको कर्मचारीले समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

८.२ अस्पतालमा रहेका नेपाल सरकारको कर्मचारीलाई नेपाल सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

८.३ अस्पतालमा रहेका नेपाल सरकारको कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय नेपाल सरकारको नियम अनुसार हुनेछ ।

८.४ अस्पतालमा रहेका नेपाल सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे वापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

८.५ अस्पतालमा रहेका नेपाल सरकारको कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारवाही गर्नु परेमा सो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले नेपाल सरकार समक्ष सिफारिस पेश गर्नु पर्नेछ ।

८.६ अस्पतालमा रहेका नेपाल सरकारको कर्मचारीलाई अध्ययन विदा र असाधारण विदाबाहेक अरू नियम अनुसार पाउने विदा समितिले दिन सक्नेछ ।

९. **अधिकार प्रत्यायोजन**ः समिति आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उपसमिति वा कुनै अधिकृतलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **नियमहरू बनाउन सक्ने**ः समितिले आफ्नो कार्य सञ्चालनको लागि नेपाल सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. **नेपाल सरकारसँग सम्पर्क**ः समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालयमार्फत राख्नु पर्नेछ ।

१२. **निर्देशन दिने**ः नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **समितिको कार्यालय**ः समितिको प्रधान कार्यालय लुम्बिनी अञ्चल अस्पताल बुटवलमा रहनेछ ।

नेपाल कानून आयोग